NEPAL RASTRA BANK • RETIREMENT FUND •

अनुसूची – १

## लगानी सम्बन्धी सूचना

यस बैंकको उपदान तथा पेन्सन कोष रहेको रकम लगानी गर्नु परेकोले यस बैंकबाट अनुमति प्राप्त देहाय बमोजिमका शर्तहरु पूरा गरेका बैंक तथा वित्तीय संस्थाबाट देहाय बमोजिम सीमाभित्र रही आफूले लिन चाहेको रकम तथा उक्त रकमका लागि प्रस्ताव गरिएको ब्याजदर समेत यस बैंकले तोकेको सिलबन्दी प्रस्ताव सम्बन्धी फारम (अनुसूची - २) भरी कुल लगानी योग्य रकम मध्ये **मिति २०७७/१२/०१ देखि** २०७८/११/३० सम्म ३६६ दिनको मुद्दति निक्षेपको रुपमा लिन चाहेको रकम खोली यस बैंकमा मिति २०७७/११/१२ गते ३:०० बजे भित्र बुझाउन आव्हान गरिएको छ ।

### उपदान तथा पेन्सन कोष

| बैंक तथा वित्तीय संस्थाहरु | रकम |
|---|---|
| "ग" वर्गका राष्ट्रिय स्तरका वित्त कम्पनीमा | १२,५००,०००।०० |
| "ख" वर्गका राष्ट्रिय स्तरका विकास बैंकमा | ३७,५००,०००।०० |
| "क" वर्गका वाणिज्य बैंकमा | २००,०००,०००।०० |
| **कुल रकम** | **२५०,०००,०००।००** |

**कोषमा लगानी योग्य रकम रु. २५०,०००,०००।०० (अक्षरेपि पच्चिस करोड मात्र ।) रहेको छ ।**

### कर्मचारी सुरक्षण कोष

| बैंक तथा वित्तीय संस्थाहरु | रकम |
|---|---|
| "ग" वर्गका राष्ट्रिय स्तरका वित्त कम्पनीमा | १५,०००,०००।०० |
| "ख" वर्गका राष्ट्रिय स्तरका विकास बैंकमा | ४५,०००,०००।०० |
| "क" वर्गका वाणिज्य बैंकमा | २४०,०००,०००।०० |
| **कुल रकम** | **३००,०००,०००।००** |

**कोषमा लगानी योग्य रकम रु. ३००,०००,०००।०० (अक्षरेपि तीस करोड मात्र ।) रहेको छ ।**

शर्तहरु :

क) बैंक तथा वित्तीय संस्था सञ्चालनमा आएको कम्तिमा दुई वर्ष पूरा गरेको ।
ख) बैंकबाट तोकिएको न्यूनतम पुंजीकोष कायम रहेको ।
ग) निष्कृय कर्जा कुल कर्जा सापटीको ५ प्रतिशत भन्दा कम रहेको ।
घ) खुद तरल सम्पत्ति स्वदेशी निक्षेपको कम्तीमा २० प्रतिशत वा सो भन्दा बढी रहेको ।
ङ) कर्जा/स्वदेशी निक्षेप र प्राथमिक पुंजी अनुपात बैंकले समय समयमा निर्धारण गरेको सीमा भित्र रहेको
च) निकटतम अघिल्लो आर्थिक वर्षमा सञ्चालन मुनाफा ( व्यवस्था पछिको) मा रहेको ।
छ) रियल स्टेट कर्जा बैंकबाट तोकिएको सीमा भन्दा बढी नभएको ।

ज) लगानी गरिने संस्थाको कुनै पनि सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी सञ्चालकलाई यस बैंकले जरिवाना गरेको अवस्थामा त्यस्तो जरिवाना गरिएका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी सञ्चालक उक्त संस्थामा कायम नरहेको । यदि, कायम नै रहेको अवस्था रहेमा जरिवाना भुक्तान गरेको मितिले ६ महिना समय अवधि पूरा भएको ।

झ) शीघ्र सुधारात्मक कारवाहीमा परेको भए, फुकुवा भएको कम्तिमा ६ महिना पूरा भएको ।

ञ) नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ बमोजिम बैंक तथा वित्तीय संस्था कारवाहीमा परी समस्याग्रस्त घोषणा नभएको । समस्याग्रस्त घोषणा भएमा सो फुकुवा भएको ६ महिना अवधि पूरा भएको ।

ट) सर्वसाधारणको लागि छुट्याइएको शेयर जारी गरिसकेको ।

ठ) प्रस्ताव गरेको ब्याजदर माथि उल्लिखित लगानी गरिने मितिसम्म मान्य हुनेछ । त्यस बैंक/विकास बैंक/वित्तीय संस्थाको ब्याजदर परिवर्तन सम्बन्धी सार्वजनिक सूचनाले प्रस्तावित ब्याजदरलाई कुनै असर पारेको मानिने छैन ।

ड) प्रस्ताव पेश गर्दा "नेपाल राष्ट्र बैंक, अवकाश कोष" लाई सम्बोधन गर्नुका साथै खामको शिरानमा " उपदान तथा पेन्सन कोष लगानीको ब्याजदर सम्बन्धी प्रस्ताव पत्र" भनी अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

मिति : २०७७/११/०९

नेपाल राष्ट्र बैंक
वित्त व्यवस्थापन विभाग
वालुवाटार, काठमाण्डौ ।

अनुसूची – २

श्रीमान् कार्यकारी निर्देशकज्यू,
नेपाल राष्ट्र बैंक
वित्त व्यवस्थापन विभाग
वालुवाटार, काठमाण्डौ ।

विषय : सिलबन्दी प्रस्ताव सम्बन्धी फारम ।

महोदय,

त्यस बैंकको उपदान तथा पेन्सन कोष र कर्मचारी सुरक्षण कोषमा रहेको रकम बैंक तथा वित्तीय संस्थामा लगानी गर्ने सम्बन्धमा तँहाबाट मिति २०७७/११/०९ मा भएको आह्वान बमोजिम तपसिलमा उल्लिखित सबै शर्तहरु यस बैंक/ विकास बैंक /वित्त कम्पनीले पूरा गरेको घोषणा गर्दै देहायको तालिकामा उल्लेख भए बमोजिमको ब्याजदरमा रकम लिन इच्छुक भएकोले सोही प्रयोजनका लागि यो सिलबन्दी प्रस्ताव पेश गरका छौं ।

| कोष | प्रस्तावित ब्याजदर | अवधि | लिन चाहेको रकम (रु.लाखमा) | |
|---|---|---|---|---|
| | | | न्यूनतम | अधिकतम |
| उपदान तथा पेन्सन कोष | | | ५० | |
| कर्मचारी सुरक्षण कोष | | | ५० | |

(अक्षरेपि .....................................................................................................................)

२०..... साल ..................महिनाको वित्तीय सूचकाङ्क यस प्रकार रहेको छ ।

| क्र.सं. | विवरण | वित्तीय सूचकाङ्क |
|---|---|---|
| १ | पुंजीकोष % | |
| २ | निष्कृय कर्जा % | |
| ३ | खुद तरल सम्पत्ति/स्वदेशी निक्षेप % | |
| ४ | कर्जा/स्वदेशी निक्षेप तथा प्राथमिक पुंजि अनुपात % | |
| ५ | रियल स्टेट कर्जा/कुल कर्जा % | |
| ६ | सर्वसाधारणको कुल निक्षेप (रु.) | |
| ७ | चुक्ता पुँजी (रु.) | |
| ८ | नेपाल राष्ट्र बैंकको बैंकिङ कार्यालयमा रहेको खाता नं. | |

संस्थाको आधिकारिक पदाधिकारीको ,

दस्तखत :
नाम :
पद :
संस्थाको नाम :

संस्थाको ठेगाना :
इमेल :
फोन नं :

संस्थाको छापः

मिति :